उपराष्ट्रपति

काठमाडौं, नेपाल

उपराष्ट्रपतिको कार्यालय
शीतल निवास, काठमाडौं, नेपाल

# महाशिवरात्री तथा सेना दिवसको शुभकामना सन्देश

**महाशिवरात्री** पर्व तथा **सेना दिवस,** २०८२ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

हिन्दू धर्मावलम्बीहरुको महान पर्व महाशिवरात्रीले धार्मिक श्रद्धा, सामाजिक एकता र सांस्कृतिक गौरवलाई बलियो बनाउँदै आएको छ। यस दिन शिवालय तथा मन्दिरमा पूजाअर्चना, भजन-किर्तन, मौलिक नाचगान र मेलाहरुको आयोजना हुने परम्पराले हाम्रो संस्कृतिलाई जीवन्त राख्दै पर्यटन र अर्थतन्त्रमा पनि योगदान पुऱ्याएको छ। शिव उपासना, उपवास र ध्यानले आत्म-शुद्धि, नैतिकता र आध्यात्मिक उन्नतिलाई प्रोत्साहन गर्दै समाजमा सद्भाव, सहयोग र मेलमिलापको वातावरण सृजना गर्दछ। यस पर्वले काम, क्रोध, लोभ, मोह र अहंकार त्यागी सत्य, धर्म, शान्ति र प्रेमको मार्गमा अग्रसर हुन् सबैलाई प्रेरित गरोस् भन्ने कामना गर्दछु।

यसै दिन मनाइने **सेना दिवस**ले नेपाली सेनाको साहस र समर्पणलाई स्मरण गर्ने अवसर प्रदान गर्दछ। राष्ट्रको सुरक्षा, सम्मान र विपद्को घडीमा अग्रपंक्तिमा रहेर सेवा भाव प्रदर्शन गर्ने वीर सैनिक जवानहरुप्रति हामीलाई गर्व छ। सेना दिवसले हामी सबैलाई देशको रक्षा, विकास र समृद्धिमा एकताबद्ध भएर योगदान दिन प्रेरित गर्दछ। आजको युगमा अत्याधुनिक प्रविधि, दक्षता र अनुसन्धानमा निपुण सेना निर्माण गर्नु राष्ट्रिय आवश्यकता हो। नेपाली सेनाको सबलीकरण र आधुनिकीकरणमा सबैको ध्यान केन्द्रित भई राष्ट्रिय हितलाई सुदृढ बनाउन सकियोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

**अन्त्यमा,** महाशिवरात्री पर्वले धार्मिक आस्था र आध्यात्मिक चेतनालाई गहिरो बनाउँदै समाजमा शान्ति, सद्भाव र एकताको वातावरण सृजना गरोस्। सेना दिवसले वीरता, अनुशासन र राष्ट्रप्रेमलाई अझ सबल बनाओस्। सबैमा पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

२०८२ फागुन ०३ गते आइतबार।
ने.सं. ११४६ सिल्लागा, त्रयोदशी।

**रामसहाय प्रसाद यादव**
उपराष्ट्रपति